# मिति २०७४ आश्विन प्रथम नगर सभा बैठकको विशेष निर्णयहरु

**निर्णय नं. १**

वेलका नगरकार्यपालिकाको विनियोजन ऐन २०७४ स्वीकृत गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

वेलका नगरकार्यपालिकाको आर्थिक ऐन २०७४ स्वीकृत गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

वेलका नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधी २०७४ परिमार्जन सहित स्वीकृत गर्ने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

वेलका नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली २०७४ परिमार्जन सहित स्वीकृत गर्ने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम हुने गरी वेलका नगरपालिका क्षेत्रबाट संकलन हुने श्रोतहरुको अनुमान र प्राप्त बजेटहरुको सिमा निर्धारण गरी सोही अनुसार बजेट तथा कार्यक्रम तर्जुमाका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार हुने गरी वेलका नगरपालिकाको ***बजेट तथा कार्यक्रम तर्जुमा समिति*** गठन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

वेलका नगरपालिकामा गठन भएको स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुमोदनका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कर्मचारी प्रशासनका लागि स्थानीय तह कर्मचारी वृत्ति विकास योजना, कर्मचारी प्रशासन नियमावली २०७४ पारित गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

बेलका नगरपालिकाका विभिन्न क्षेत्रहरुमा विषालु सर्पको टोकाईबाट बर्षेनी मानिसहरुको मृत्यू हुने भएकाले यस न.पा.को वडा नं. ९ मा सर्पदंश प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

वेलका नगरपालिकाका विभिन्न क्षेत्रमा हुने विपद् सम्बन्धी जोखीम न्यूनीकरणको लागि काम गर्न ***"नगर विपद् व्यवस्थापन कोष"*** स्थापनाका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्वास्थ्य चौकी रामपुरबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी सेवालाई अझ प्रभावकारी बनाईनेछ । र यस क्षेत्रका विरामीहरुलाई तत्काल सुविधासम्पन्न अस्पतालमा लैजानका लागि रामपुर स्वास्थ्य चौकीको स्वामित्वमा रही विग्रिएर रहेको एम्बुलेन्सलाई तत्काल मर्मत सम्भार गरी २४ सै घण्टा एम्बुलेन्स सेवा प्रदान गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**
पशु नश्ल सुधार कार्यलाई प्रभावकारी बनाउन सिमेन भाडो व्यवस्थापन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**
वेलका नगरपालिकाका सबै वडाहरुमा नियमित सरसफाई सम्बन्धी कार्यलाई प्रभावकारी बनाउँदै पूर्ण सरसफाईलाई अभियानका रुपमा अघि बढाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**
बेलका नगरपालिकाको मुख्य बजारको रुपमा रहेको रामपुर बजारलाई व्यवस्थापन गर्दै लान वे.न.पा. ९ मा १ व्यवस्थित पशुपंक्षी बधशाला निर्माण गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**
वेलका नगरपालिका मार्फत प्रदान गर्ने सेवाप्रवाह र सूचना तथा गतिविधी सम्बन्धी सहज जानकारी गराई जनताको सूचना प्राप्त गर्ने अधिकारलाई सुनिश्चित र व्यवस्थित गर्न वेलका नगरपालिकाको लागि १ Website निर्माण गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
वेलका नगरपालिका क्षेत्र भित्रका सार्वजनिक तथा पर्ती जग्गाहरुको व्यवस्थित रुपमा लगत राख्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**
वेलका नगरपालिका घर निर्माण पूर्व अनिवार्य रुपमा नक्सा पास गराउनुपर्ने र निर्माण सम्पन्न भवनहरुको अभिलेखीकरण राखी व्यवस्थित गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**
वेलका नगरपालिकाको वडा नं. ५, ६, ७ र ८ को पहाडी क्षेत्रहरु लगायत अन्य क्षेत्रहरुमा बाहै महिना यातायात सञ्चालन गर्न सडक निर्माण कार्यलाई तिब्रता दिन कार्यालयको तर्फबाट १ थान हैवी ईक्यूपमेन्ट (स्काभेटर) खरिद गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**
वेलका नगरपालिका क्षेत्र भित्रका जनताहरुलाई जिल्ला प्रशासन कार्यालयबाट प्रदान गर्ने नागरिकता वितरण लगायत अन्य सेवाहरुलाई नगर क्षेत्रबाट प्रदान गर्न वेलका नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाका लागि सम्बन्धीत निकायमा माँग गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगरसभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**
वेलका नगरपालिका लगायत चौदण्डी न.पा., छिमेकी जिल्ला भोजपुर, सुनसरी लगायत क्षेत्रका विद्यार्थीहरुलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले वेलका नगरपालिकामा १ क्याम्पस स्थापना गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**
वेलका नगरपालिकामा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन न.पा.को वडा नं. ५ मा शहरी स्वास्थ्य क्लिनिक स्थापनाका लागि सम्बन्धीत निकायमा अनुरोध गरी पठाउने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**
वेलका नगरपालिकामा सभा, सम्मेलन, सेमिनार गोष्ठि आदि सञ्चालन गर्न सभाहल निर्माण गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**
वेलका नगरपालिका क्षेत्रबाट संकलन हुने सक्ने राजश्वको सम्भाव्यता अध्ययन, राजश्व संकलनका नयाँ क्षेत्रहरुको खोजी गरी

नगरपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न ***राजश्व परामर्श समिति गठन*** गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

वेलका नगरपालिकाको चालु आ.व.२०७४/०७५ को मुख्य-मुख्य प्राथमिकता, नीति तथा कार्यक्रम स्वीकृतिका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

वेलका नगरपालिकामा गठन भएको बजेट तथा कार्यक्रम समितिले पेश गरेको चालु आ.व.२०७४/०७५ को योजना तथा कार्यक्रम स्वीकृतीका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

वेलका नगरपालिकाले तर्जुमा गरी पेश गरेको संगठन संरचना र दरबन्दी तालिका अनुसूची ..... बमोजिम स्वीकृतीका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

वेलका नगरपालिका भित्र हुने विपद्हरुको व्यवस्थापनका लागि तार खरिद गरी न.पा.द्वारा जाली बुन्न लगाई वितरण गर्ने निर्णय नगरपालिकाबाट गरे बमोजिम नै हुने गरी नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

वेलका नगरपालिका भित्र पर्ने साविकका गा.वि.स. तथा वडा कार्यालद्वारा सञ्चालन गरेका र सञ्चालन हुन बाँकी योजना तथा कार्यक्रमहरु चालु आ.व.२०७४/०७५ मा सम्पन्न हुने भएकाले साविकको गाउँपरिषद्बाट स्वीकृत योजनाहरुलाई हाल सम्पन्नताको आधारमा भुक्तानी हुन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

निर्वाचित जनप्रतिनिधीहरुलाई प्रदान गर्ने सुविधा अनुमोदनका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

कार्यालय समय भन्दा अतिरिक्त समय र सार्वजनिक विदाको दिन समेत कार्यालयको कामकाज गर्नुपर्ने भएकाले उक्त कार्य गर्ने कर्मचारीहरुलाई मासिक तलब स्केलको २० प्रतिशत स्थानीय भत्ता उपलब्ध गराउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

वेलका नगरकार्यपालिका र नगर प्रमुखलाई नगर क्षेत्र भित्रका महत्वपूर्ण विषयमा निर्णय गर्ने अधिकार प्रत्यायोजनका लागि पेश भई आए बमोजिम हुने गरी नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

गत आ.व.२०७३/०७४ को साविक बमोजिमको गाउँपरिषद्द्वारा साविकको वेलका नगरकार्यपालिका र नगर प्रमुखलाई नगर क्षेत्र भित्रका महत्वपूर्ण विषयमा निर्णय गर्ने अधिकार प्रत्यायोजनका लागि पेश भई आए बमोजिम हुने गरी नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

बेलका नगरपालिकालाई पूर्ण सरसफाई यूक्त नगरपालिका बनाउन अभियानको रुपमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने गरी मुख्य-मुख्य बजार क्षेत्रहरुमा प्रयोग गर्न ट्र्याक्टर लगायत अन्य सरसफाई सामाग्रीहरु खरिद तथा प्रत्येक वडामा कम्तिमा १/१ वटा सार्वजनिक शौचालय निर्माण गरी नियमित रुपमा सरसफाई कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

बेलका नगरपालिका क्षेत्रमा घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको प्रयोग गर्ने र रोजगारी श्रृजना गर्न सहयोग पुर्‍याउने उद्देश्यले बेलका नगरपालिकामा उद्योग विकास शाखा स्थापना गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**
बेलका नगरपालिका क्षेत्र भित्र विद्युत सेवा नपुगेका वडाहरुमा विद्युतको राष्ट्रिय प्रशारण लाइन विस्तार गरी सबै क्षेत्रमा विद्युत सेवाको पँहूच पुऱ्याउन उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण लगायतका निकायहरुमा अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**
वेलका नगरपालिकाका प्रत्येक वडाका केन्द्र तथा बजार केन्द्रहरु विशेष चोकहरुमा (AEPC) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी लागत सहभागितामा सौर्य सडक बत्ती जडान गर्न पठाउन नगरकार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**
फोहोरमैला व्यवस्थापनको कार्यलाई प्रत्येक वडामा प्राथमिकताका साथ अघि बढाउन टोल विकास संस्था गठन गरी टोल विकास संस्थालाई सचेतना तालिम कार्यक्रम सञ्चाल गर्ने र कुहिने फोहोरलाई स्वयंले कम्पोष्ट मल बनाउनुपर्ने नकुहिने फोहोरलाई डस्बिनमा राख्ने व्यवस्था मिलाई Land fill side को व्यवस्थापन गरी उक्त स्थानमा फोहोरमैला विसर्जनको व्यवस्था गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**
बेलका नगरपालिकामा भूकम्प प्रतिरोधी आधूनिक भवन निर्माणको लागि चालु आ.व.२०७४/०७५ मा ड्रईङ, डिजाईन तथा नक्सा तयार गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय लगायत सम्बन्धित निकायमा भवन निर्माणको बजेट माँग गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**
चालु तथा आगामी आ.व.मा वातावरणमैत्री तथा बालमैत्री, अपाङ्ग मैत्री कार्यक्रम संचालन गर्ने भनी नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**
चालु आ.व.०७४/०७५ मा नगर सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**
बेलाका नगरपालिकाको पञ्चवर्षीय आवद्यिक नगर विकास योजना तर्जुमा गरी सोही आवद्यिक योजनाले परिलक्षित गरेका क्षेत्रहरुलाई आधार मानी वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. तथा विकास साझेदारहरुसँग समन्वय गर्दै योजना तथा कार्यक्रममा सामन्जस्यता/एकरुपता कायम गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**
स्थानीय तहका स्थायी, अस्थायी र करार कर्मचारीहरुको हितलाई मध्येनजर गर्दै स्थानीय तह कर्मचारी कल्याण कोष विनियमावली २०७४ तयार गरी पारित गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**
बसपार्क, खानेपानी, विद्युतीकरण र शौचालय निर्माणका लागि आवश्यक बजेट तथा कार्यक्रम व्यवस्था गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**
खेलकुद, पर्यटन, जलवायु परिवर्तन अनूकुलन, खानी तथा पुरातत्व, सवारी साधन संचालन, सुशासन सम्वन्धि, शिरोभार खर्च Overhead cost) कण्टेन्जेन्सी खर्च, भ्रमण खर्च, पदाधिकारी तथा कर्मचारी सेवा सुविधा, पदाधिकारी तथा कर्मचारी आचार संहिता र लैङ्गिक समानता मैत्री निर्देशिका तयार गरि कार्यान्वयन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

कागज विहिन सरकार (Paperless Government) सिसि टि.भि. क्यामेरा, विद्युतीय हाजीरी प्रणाली, कम्प्युटरिकृत लेखा तथा राजस्व प्रणाली लागू गर्न आवश्यक सफ्टवेयर तथा अन्य आवश्यक सामाग्रीको व्यवस्था गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

भाडा साझेदारी (Fare Share) नीति एवं प्रणाली लागू गरि कार्यान्वयन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

दिगो विकास र सुशासन प्रवर्धनका लागि रणनीतिक योजना प्राथामिकताका साथ अघि बढाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

थारु, थामी, भुजेल, माझी उत्थान आदि समितिहरु बनाई तिनीहरुको सशक्तिकरण र प्रबर्द्धनमा जोडदिन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**

लोक सेवा आयोग तयारी कक्षा, कृषि तथा पशु सेवा प्राविधिक जस्ता शीपमूलक, रोजगारीमूलक कक्षाहरु संचालन गरि बेरोजगारी तथा गरिवी न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१**

नगर खेलकुद विकास समिति गठनका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५२**

बेलका नगरपालिका अन्तर्गतका साविकका गा.वि.स.हरुमा प्राप्त बजेट खर्च नभई संचित कोष खातामा जम्मा भएको रकम र गत विगत आ.बा.देखि नै खर्च नभएको रकम चालु आ.व.२०७४/०७५ मा आवश्यकताका आधारमा कार्यक्रम तयार गरी नगरकार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

बेलका नगरपालिकाको नगरसभा सञ्चालनका लागि तयारी गर्ने सन्दर्भमा विहान, बेलुकी लगायत सार्वजनिक विदाको दिन समेत खटिने कर्मचारीहरुलाई शुरु तलब स्केलको बढिमा १५ दिन बराबरको नगरसभा तयारी भत्ता उपलब्ध गराउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

वडा स्तरबाट छनौट भई बजेट न्यूनताका कारण बेलका नगरपालिकाबाट कार्यान्वयन गर्न नसकिएका योजना/कार्यक्रमहरु निर्वाचन क्षेत्र विकास कार्यक्रम, साना सिंचाई कार्यक्रम, यूएनएफपिए कार्यक्रम, MSNP कार्यक्रम, जिल्ला स्थित अन्य निकायहरुबाट सञ्चालन हुने कार्यक्रम, प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम, राष्ट्रिय योजना आयोग लगायतका निकायहरुबाट कार्यान्वयन गराउने गरी सिफारिस हुन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

त्रियुगा तथा गिदेरी नदिमा आएको बाढीका कारण बर्षेनी कटान तथा पुरानको चपेटामा परी सयौं विगाहा खेतीयोग्य जमिन र बस्तीहरु प्रभावित भएको बेलका नगरपालिकाको वडा नं. १, २, ३, ४ र ५ का प्रभावित क्षेत्रहरुमा त्रियुगा र गिदेरी नदि नियन्त्रणको लागि नदि नियन्त्रण गुरुयोजना बनाई कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग, सिंचाई मन्त्रालय लगायतका निकायहरुमा अनुरोध गरि पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

कोशी बन्यजन्तु आरक्ष क्षेत्र भित्र रहेका जंगली जनावारहरु तथा उक्त क्षेत्रमा अनाधिकृत रुपमा पालिएका हजारौं पशु चौपायाहरुले तपेश्वरीका किसानहरुलाई दुख दिईरहेको हुनाले उक्त पशु चौपायाहरुबाट तपेश्वरीवासीहरुको जनधनको सुरक्षा गर्न नेपाल सरकारलाई आग्रह गर्ने साथै त्यस क्षेत्रमा भएका निजी पशु चौपायाहरुलाई हटाउँदाखेरी नै आरक्ष क्षेत्रभित्रका जंगली

जनावारहरुलाई पर्याप्त बासस्थान पुग्न भएकाले हजारौं जनताहरुलाई विस्तापित गर्ने गरी गर्न लागिएको आरक्षको क्षेत्र विस्तार तुरुन्तै रोकीपाउँ भनि  आग्रह गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

पूर्वी भेग तर्फबाट बगिरहेको सप्तकोशी नदिले हाल आफ्नो धार परिवर्तन गरी पश्चिमी भेग तर्फबाट बगिरहेको र सप्तकोशीको चतरा पूलको दक्षिण पश्चिममा कटान समेत सुरु गरेको हुनाले कोशी नदिलाई पाईलट च्यानलको माध्यमबाट विच भागबाट पानी बहने व्यवस्था मिलाई कोशी नदिबाट हुनसक्ने सम्भावित भीषण क्षेती नियन्त्रण गर्न नेपाल सरकार, सिंचाई मन्त्रालयलाई अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८**

प्रधानमन्त्री शेर बहादुर देउवाको हालैको भारत भ्रमणका समयमा कोशी उच्च बाँध निर्माण गर्ने सम्बन्धी भएको सम्झौताले यस क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरुलाई पार्नसक्ने प्रभाव तथा क्षतिपूर्तिको व्यवस्था सम्बन्धमा अध्ययन अनुसन्धान नै नगरी गरिएको सम्झौता प्रति बेलका नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको र प्रभाव अध्ययन प्रतिवेदन बेगर गरिएको सम्झौता तत्काल खारेजीको लागि नेपाल सरकारलाई अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५९**

सामाजिक सुरक्षा भत्तालाई अझ प्रभावकारी र व्यवस्थित बनाउन मुल्यवृद्धिकै अनुपातमा प्रति वर्ष १० % प्रतिशतका दरले भत्ता वृद्धि गर्दै लैजान नेपाल सरकारलाई अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६०**

सामाजिक सुरक्षा भत्ता अन्तर्गत श्रीमान मरे पश्चात भएका एकललाई मात्र एकल महिलाको रुपमा नलिई विहे नगरी एकल रुपमा बसोबास गरेका महिला र श्रीमान छाडेर भएको एकललाई समेत एकल महिलाको सूचिमा सुचिकृत गरी उनीहरुलाई समेत एकल महिला सुरक्षा भत्ता वितरण गराउन नेपाल सरकारलाई अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६१**

४५ वर्ष सम्म विहे नगरी एक्लै बसेका र श्रीमती विहिन पुरुषहरुलाई समेत एकल पुरुषको रुपमा बर्गिकृत गरी क्रमश उनीहरुलाई विभिन्न प्रकारका सेवा, सुविधाहरुमा प्राथमिकता दिंदै जाने व्यवस्थाका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

अपाङ्गता भएका व्यक्तिहरु मध्ये भत्ता वितरणको लागि रातो र निलो कार्ड प्राप्त गर्ने व्यक्तिहरुको मापन प्रक्रिया जटिल रहेको हुँदा अरुप्रति आश्रित कैयौं अपाङ्गता भएका व्यक्तिहरु रातो र निलो कार्ड पाउनबाट बञ्चित भई अपाङ्गता भत्ता प्राप्त गर्न सकेका छैनन् । तसर्थ रातो र निलो कार्ड प्राप्त गर्ने सूचकहरुलाई परिमार्जन गरी अरुप्रति आश्रित रहने अपाङ्गता भएकाहरुको लागि भत्ता वितरण गर्ने व्यवस्था हुन नेपाल सरकारलाई अनुरोध गरी पठाउने निर्णयका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६३**

बेलका नगरपालिका भित्र सञ्चालित विद्यालयहरु मध्ये प्रत्येक वडाका १/१ वटा विद्यालयहरुलाई नमूना विद्यालयका लागि आवश्यक पूर्वाधार लगायत अन्य सम्पूर्ण व्यवस्थापन गरी नमूना विद्यालयको रुपमा विकास गर्न देहायका वडाहरुमा देहायका विद्यालयहरुलाई छनौट गरी शिक्षा मन्त्रालय, जिल्ला  शिक्षा कार्यालय लगायतका सम्बन्धीत निकायहरुमा सिफारिस गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | विद्यालय रहेको ठेगाना | वडा नं. |
|---|---|---|---|
| १ | मा.वि. आम्बासी | आम्बासी | बेलका न.पा. १ |
| २ | सप्तकौशिका मा.वि. भागलपुर | भागलपुर | बेलका न.पा. २ |
| ३ | कोशी जनता मा.वि. रामपुर | रामपुर | बेलका न.पा. ३ |
| ४ | जनता मा.वि.गुरुङचौरी | गुरुङचौरी | बेलका न.पा. ४ |
| ५ | प्रभाकरी मा.वि. पोखरे | पोखरे | बेलका न.पा. ५ |
| ६ | मा.वि. पुवाँरे थुम्का | पुँवारे थुम्का | बेलका न.पा. ६ |
| ७ | मैनामैनी मा.वि. मूलगाउँ | मुलगाउँ | बेलका न.पा. ७ |

| | | | |
|---|---|---|---|
| ८ | महाकाली उच्च मा.वि. चम्पापुर | चम्पापुर | बेलका न.पा. ८ |
| ९ | वर पिपल मा.वि. रामपुर | रामपुर | बेलका न.पा. ९ |

**निर्णय नं. ६४**
बेलका नगरपालिका भित्र रहेका कुकुरहरुको बन्ध्याकरण गरी अनावश्यक भुस्याहा कुकुरहरुको बृद्धि हुनबाट रोक्न कुकुर बन्ध्याकरण अभियान सञ्चालनमा सहयोग गर्न पशुपंक्षी विकास मन्त्रालय, जिल्ला पशुसेवा कार्यालय लगायतका सम्बन्धीत निकायहरुमा सिफारिस गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**
आ.व.२०७४/०७५ मा संकलन हुनेगरी राजश्व परामर्श समितिबाट पेश भई आएका राजश्वका दर तथा राजश्वका क्षेत्रहरु अनुसूची ....... मा उल्लेख भए बमोजिम स्वीकृतिका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६६**
साविकको मैनामैनी गा.वि.स. हाल बेलका नगरपालिका वडा नं. ७ र ८ स्थित मैनारानी गुठी संस्थानको नाममा रहेको सो जग्गालाई रैकरमा परिणतका लागि पहल गर्न सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६७**
वेलका नगरपालिकासँग सम्बन्धित विभिन्न कामको सिलसिलामा खटिनुभएका जनप्रतिनिधी र कर्मचारीहरुको सुरक्षाको लागि बेलका नगरपालिकाबाट दूर्घटना वीमा गराई दिने व्यवस्थाका हुन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६८**
वेलका नगरपालिका क्षेत्रमा तारसहित (Land line) टेलिफोन सेवा तथा ADSL र Y-MAX इन्टरनेट सेवा विस्तार गरी नगरबासीहरुमा सूचना प्रविधिको विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले उल्लेखीत व्यवस्थापनका लागि सूचना सञ्चार तथा प्रविधि मन्त्रालय, नेपाल टेलिकम केन्द्रिय कार्यालय र शाखा कार्यालयहरुमा अनुरोध गरी पठाउन नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९**
वेलका नगरपालिका क्षेत्र भित्रका भएका अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न नीतिहरु तर्जुमा गरी संरचनाहरु निर्माण गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०**
वेलका नगरपालिका क्षेत्र भित्रका सुकुम्बासीहरुको समस्या समाधानका लागी संघीय सरकार र प्रादेशिक सरकारसँगको समन्वयमा सुकुम्बासी समस्या समाधान आयोग मार्फत सुकुम्बासीहरुको समस्या समाधान गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७१**
वेलका नगरपालिका क्षेत्र भित्रका उपेक्षीत, उत्पीडित, दलित बस्तीहरुमा जनता आवास कार्यक्रम मार्फत समान प्रकृतिका घर/टहराहरु निर्माण गरी नमूना बस्ती विकासका लागि पहल गर्न सम्बन्धीत निकायहरुमा अनुरोध गरी पठाउने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२**
वेलका नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विकास निर्माण सम्बन्धी आयोजनाहरुको अनुगमन, सुपरिवेक्षण, उ.स. तालिम सञ्चालन, प्राविधिक सामाग्री व्यवस्थापन लगायत कार्यहहरुमा नियमानुसार खर्च हुने बजेटको व्यवस्थापन गर्न पूँजिगत बजेट तर्फ अधिकतम ३ प्रतिशतका दरले योजना सम्पन्न पश्चात भुक्तानी हुने समयमा कन्टिजेन्सी कट्टा गरी कन्टिजेन्सी योजना बनाई खर्च गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७३**
वेलका नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने गरी विभिन्न मन्त्रालय तथा विभागहरुबाट प्राप्त हुने शशर्त तथा निशर्त बजेट तथा कार्यक्रमहरुलाई शंसोधन सहित कार्यान्वयन गर्नेगरी निर्णय गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७४**

फन्डवोर्डको सहयोगमा पेशोक उदयपुर र समाजसेवी समूह लगायत अन्य संस्थाहरुबाट सञ्चालन हुने यस नगरपालिका क्षेत्रभित्रका खानेपानी आयोजनालाई कार्यान्वयनका लागि स्वीकृती प्रदान गर्न नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५**

वेलका नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा खानेपानी तथा ढल व्यवस्थापनका लागि प्रदेश, संघीय सरकार तथा दातृ निकायहरुसँग अनुरोध गर्ने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७६**

स्थानीय तहको पूर्नसंरचना पश्चात यस नगरपालिकाको वडा नं. १ को केन्द्र साविक गाविस भवन, पुरन्दह र वडा नं. ७ को केन्द्र साविक गाविस भवन, मुलगाउँ रहेकोमा उक्त स्थानहरु विभिन्न कारणले पाएक नभएको भनि वडा नं. १ को केन्द भालवन्ती र वडा नं. ७ को केन्द्र बाराची राङ्टेम्मामा परिवर्तनका गर्नका लागि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७७**

स्थानीय तहको पूर्नसंरचना पश्चात यस वेलका नगरपालिकाको हाल कायम भएको वडाहरु मध्ये वडा नं. १, ३ र ५ को भूभागहरु अपायक भई वडाका सबै सेवाग्राहीहरुले वडा केन्द्रहरुबाट प्राप्त गर्ने सेवाप्रवाह प्राप्त गर्न असहज भएकोले वडा नं. १, ३ र ५ लाई दुई/दुई वडाका दरले विभाजन गरी ३ (तीन) वटा वडा थप गर्न आवश्यक देखिएकाले आवश्यक भए बमोजिम वडा थप गर्न गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग, काठमाण्डौ, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ र प्रदेश सरकार समक्ष अनुरोध गरी भनि पठाउने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम वडा थपका लागि नगर सभा बैठकमा छलफल भई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७८**

उदयपुर जिल्लाको पूर्वी भेगमा रहेको यस वेलका नगरपालिका र सुनसरी जिल्लाको सिमानामा रहेको सप्तकोशी नदि भन्दा पश्चिम तर्फको वेलका नगरपालिकासँग सिमाना जोडिएको वारीको केहि भू-भाग सुनसरी जिल्लाको भू-भाग रहेकोले उक्त क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुलाई जिल्ला स्तर र स्थानीय तहबाट प्रदान हुने सेवा प्राप्त गर्न सप्तकोशी नदिका कारण असहज भएकाले त्यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको माँग र चाहना उदयपुर जिल्लाको वेलका नगरपालिकामा छुट्टै वडा थप गरी सम्मिलन हुने रहेकाले सुनसरी जिल्लाका सप्तकोशी नदिको वारीपट्टीका स्थानीयबासीहरुको माँग र चाहना बमोजिम बेलका नगरपालिकामा सम्मिलन गराउन गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग काठमाण्डौ, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ र प्रदेश सरकार समक्ष अनुरोध गरी पठाउने भनि नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७९**

वेलका नगरकार्यपालिकाद्वारा भएका अन्य निर्णयहरुलाई अनुमोदनका लागि पेश भई आए बमोजिम नै हुनेगरी नगर कार्यपालिका बैठकबाट सिफारिस भई आए बमोजिम नगर सभा बैठकमा छलफल भई पारित गर्ने निर्णय गरियो ।